वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४४ अंक २८६ | २०८२ फागुन २२ गते शुक्रबार, नेपाल सम्वत् ११४६ March 06, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-




# तनहुँमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न, ५१.७४ प्रतिशत मत खसेको प्रारम्भिक अनुमान

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

प्रतिनिधिसभा सदस्य निर्वाचनको मतदान आइतबार तनहुँसहित देशभर शान्तिपूर्ण र उत्साहपूर्वक सम्पन्न भएको छ । निर्वाचन आयोगद्वारा निर्धारित समय अनुसार बिहान ७:०० बजेदेखि सुरू भएको मतदान साँझ ५:०० बजेसम्म भएको मतदानमा तनहुँमा ५१.७४% प्रतिशत मत खस्यो । महिला ७१ हजार ३६९ र पुरूष ६० हजार २५१ मत गरी १ लाख ३१ हजार ६२० मत खसेको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले जानकारी दिए । अयोगका अनुसार देशभर करिब ६० प्रतिशत मत खसेको छ ।

यस्तै, तनहुँ निर्वाचन क्षेत्र नम्बर १ मा ६९ मतदानस्थल र १५३ मतदान केन्द्र तथा क्षेत्र नम्बर २ मा ७५ मतदानस्थलमा १५६ मतदान केन्द्रबाट मतदाताले मतदान गरेका थिए । तनहुँका दुई प्रतिनिधिसभा सदस्यका लागि विभिन्न राजनीतिक दल, स्वतन्त्र गरी २७ जना उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। जिल्लामा दुई लाख ५४ हजार ३९७ मतदाता कायम भएको जिल्ला निर्वाचन अधिकारी विकास लम्सालले बताए ।

तनहुँमा पुरूष मतदाताको संख्या एक लाख २३ हजार ४९१ र महिलाको संख्या एक लाख ३० हजार ९०६ कायम छ । दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको यहाँ क्षेत्र नम्बर १ मा एक लाख २६ हजार ८८२ र र क्षेत्र नम्बर २ मा एक लाख २७ हजार ५१५ मतदाता कायम छन् ।

निर्वाचन आयोजका अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष) तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ तीन हजार १७ पुरूष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरूष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन् । प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन भएको हो।

यस निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरूष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन् । निर्वाचनमा एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम छन् ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको थियो । १४३ अस्थायी मतदानस्थल तय भएका थिए । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्त र गर्भवतीलगायतलाई सहज मतदानका लागि प्राथमिकता दिने व्यवस्था गरिएको थियो ।



तनहुँ निर्वाचन क्षेत्र नं. १ अन्तर्गत व्यास-१ भादगाउँस्थित जलदेवी माध्यमिक विद्यालयमा कायम गरिएको मतदान केन्द्रमा प्रतिनिधिसभा सदस्य चयनका लागि मतदान कार्यमा सहभागि भएका मतदाताहरू ।







निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिएका थिए ।

यस्तै, निर्वाचनका लागि तोकिएको मतदान केन्द्रहरु, मतदाता तथा मतदान कार्यलाई शान्तिपूर्ण र भयरहित बनाउनका लागि आवश्यक सुरक्षा व्यवस्था चुस्त दुरूस्त गरी मतदान कार्य सम्पन्न गरिएको मुख्य निर्वाचन अधिकृत विष्णु प्रसाद उपाध्यायले बताए । सबैले सहज रूपमा मतदान गर्न पाउने गरी शान्ति सुरक्षाको भरपर्दो प्रबन्ध मिलाइएकाले ढुक्क भएर मताधिकार प्रयोग भएको उनले बताए ।

यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत प्रथम महिला सविता पौडेलले व्यास नगरपालिका-२ सत्यवती मावि मतदान केन्द्रबाट मतदान गरेकी थिइन् ।

मतदान गरेपछि मतदाताहरूले विभिन्न प्रतिक्रिया दिएका छन् । अधिकांश मतदाताहरूले आफुले मतदान गरी विजयी गराएको उम्मेदवारले देशमा शान्ति, सु-व्यवस्था, भ्रष्टाचारको अन्त्य र मुलुकको अस्तित्व संरक्षणमा भूमिका खेल्नुपर्ने अपेक्षा गरेका छन् ।

यस्तै, प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ अन्तर्गत तनहुँका केही उम्मेदवारहरूले आफैँलाई मतदान गर्न पाएनन् । मतदाता नामावली अन्य निर्वाचन क्षेत्रमा रहेकाले उनीहरु आफ्नै उम्मेदवारी रहेको क्षेत्रमा मतदान गर्न नपाएका हुन्।

तनहुँ क्षेत्र नम्बर १ का उम्मेदवारहरु डा. स्वर्णिम वाग्ले, रामदत्त जोशी, रामलक्ष्मी दुवाल र प्रेमबहादुर थापा आफैँलाई मत हाल्न पाएनन् । उनीहरूको मतदाता नामावली सम्बन्धित निर्वाचन क्षेत्र बाहिर रहेको थियो । त्यस्तै, तनहुँ क्षेत्र नम्बर २ का उम्मेदवार शंकर भण्डारी र श्रीराम न्यौपानेले पनि आफ्नै क्षेत्रमा मतदान गर्नबाट वञ्चित भए । उनीहरूको मतदाता नामावली तनहुँ क्षेत्र नम्बर १ अन्तर्गत भानु नगरपालिका क्षेत्रमा कायम रहेको थियो । मतदाता नामावली स्थायी बसोबास वा पूर्व दर्ता गरिएको स्थानका आधारमा तय हुने भएकाले उम्मेदवार भएपनि नामावली रहेको स्थानमै मतदान गर्नुपर्ने कानुनी व्यवस्था छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# मतदाताको सन्देश !

भ्रष्टाचार र अव्यवस्थाविरूद्ध उठेको जेनजी आन्दोलनले नेपाली राजनीति र शासन व्यवस्थामा ठूलो हलचल पैदा गऱ्यो। भदौ २३ र २४ गते देशभर फैलिएको त्यो आन्दोलन केवल युवाको असन्तुष्टिको अभिव्यक्ति मात्र थिएन, बरू लामो समयदेखि थुप्रिँदै आएको निराशा, आक्रोश र परिवर्तनको चाहनाको सामूहिक विस्फोट थियो। त्यस आन्दोलनपछि मुलुक राजनीतिक रूपमा जटिल र अनिश्चित मोडमा पुगेको थियो। यस्तै संवेदनशील अवस्थामा भदौ २७ गते पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको गैरदलीय सरकारले देशको कार्यकारी जिम्मेवारी सम्हाल्यो। त्यतिबेला सबैभन्दा ठूलो चुनौती भनेको संवैधानिक प्रक्रियालाई निरन्तरता दिँदै देशलाई स्थायित्वको बाटोमा फर्काउनु थियो। कार्की नेतृत्वको सरकारले त्यही जिम्मेवारीलाई केन्द्रमा राखेर छ महिनाभित्र प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गराउने दायित्व पूरा गरेको छ। अनेक आशंका, आलोचना र राजनीतिक असहजताका बीच सम्पन्न भएको यो निर्वाचनले मुलुकलाई पुनः संवैधानिक मार्गमा फर्काउने महत्वपूर्ण आधार तयार गरेको छ ।

कार्की नेतृत्वको सरकार गठन हुँदा देशभित्र मात्र होइन, बाह्य जगतमा समेत विभिन्न आशंका व्यक्त गरिएका थिए। कतिपयले गैरदलीय सरकार लामो समय टिक्न सक्दैन भन्ने तर्क गरे भने कतिपयले निर्वाचन नै हुन नसक्ने र संविधानको कार्यान्वयन नै संकटमा पर्ने स्थिति आउन सक्छ भन्ने चिन्ता व्यक्त गरेका थिए। आन्दोलनपछिको अस्थिर वातावरण, राजनीतिक दलहरूबीचको अविश्वास, सुरक्षाकर्मीको मनोबलमा आएको गिरावट तथा व्यवसायिक क्षेत्रको त्रासजस्ता चुनौतीहरूबीच निर्वाचन सम्पन्न गर्नु सहज काम थिएन। तर सरकारको दृढता, प्रशासनिक संयन्त्रको सक्रियता र राजनीतिक दलहरूको न्यूनतम सहमतिका कारण ती सबै आशंकालाई चिर्दै निर्वाचन सम्पन्न हुन सक्यो। यसले नेपालको लोकतान्त्रिक प्रक्रियाको स्थायित्वप्रति आशा जगाएको छ। निर्वाचनको परिणाम जे जस्तो आए पनि संवैधानिक प्रक्रियालाई निरन्तरता दिन सक्नु आफैंमा एउटा महत्वपूर्ण उपलब्धि हो।

निर्वाचन सम्पन्न गर्न प्रधानमन्त्री कार्कीले देखाएको नेतृत्व, गृहमन्त्री ओमप्रकाश अर्यालसहित अन्य मन्त्रीहरूको सक्रियता, निर्वाचन आयोगको तयारी, निजामती कर्मचारीहरूको कार्यदक्षता तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको समन्वयपूर्ण भूमिकालाई सकारात्मक रूपमा मूल्याङ्कन गर्नुपर्छ। यस्तै, राजनीतिक दलहरूले पनि परिस्थिति बुझेर दिएको सहयोगले निर्वाचनलाई सम्भव बनाएको छ। गैरदलीय सरकारका लागि सबैभन्दा कठिन काम भनेको सबै पक्षलाई विश्वासमा लिएर अघि बढ्नु हो। आन्दोलनका क्रममा सहिद भएका परिवारलाई सम्मान, घाइतेहरूको उपचार, क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको व्यवस्था गर्नु सरकारको संवेदनशील जिम्मेवारी थियो। त्यसैगरी, आन्दोलनका कारण उत्पन्न असुरक्षाको भावना हटाउँदै देशभर भयमुक्त वातावरणमा मतदान गराउनु अर्को चुनौतीपूर्ण कार्य थियो। यी दुवै पक्षलाई सन्तुलित ढङ्गले सम्बोधन गर्न सकेको तथ्यलाई नजरअन्दाज गर्न मिल्दैन। कार्कीले प्रधानमन्त्रीको शपथ लिँदा मन्त्रिपरिषद् गठनमै जटिलता देखिएको थियो। आन्दोलनपछि विस्थापित राजनीतिक नेतृत्वलाई विश्वासमा लिनुपर्ने चुनौती पनि कम थिएन। सुरक्षाकर्मीको मनोबल उकास्नु, आन्दोलनका क्रममा क्षति पुगेका व्यवसायी तथा व्यापारीलाई पुनः आश्वस्त पार्नु तथा प्रशासनिक संयन्त्रलाई पुनः सक्रिय बनाउनु जस्ता कार्यले सरकारको कार्यकाललाई थप कठिन बनाएको थियो। तर ती सबै चुनौतीलाई व्यवस्थापन गर्दै सरकारले तोकिएकै समयमा निर्वाचन सम्पन्न गराउनु राजनीतिक रूपमा महत्वपूर्ण उपलब्धि मान्नुपर्छ।

अब भने देशको ध्यान निर्वाचनपछिको यात्रातर्फ केन्द्रित हुनुपर्ने समय आएको छ। निर्वाचन सम्पन्न भइसकेपछि देशको नेतृत्व पुनः जननिर्वाचित प्रतिनिधिहरूको हातमा जानेछ। प्रतिनिधि सभाका २७५ जना सदस्यहरूलाई जनताले दिएको जनादेश केवल शासन गर्ने अधिकार मात्र होइन, जिम्मेवारी पनि हो। जनताले उनीहरूबाट राजनीतिक स्थायित्व, सुशासन, आर्थिक समृद्धि र सामाजिक न्यायको अपेक्षा गरेका छन्। नयाँ संसद् र त्यसपछि बन्ने सरकारले अब जेनजी आन्दोलनले उठाएका प्रश्नहरूलाई गम्भीरतापूर्वक सम्बोधन गर्नुपर्नेछ। आन्दोलन केवल तत्कालीन सरकारप्रति असन्तुष्टिको परिणाम मात्र थिएन, बरू शासन प्रणालीमा देखिएको भ्रष्टाचार, अपारदर्शिता र जवाफदेहिताको अभावविरूद्धको आवाज थियो। यदि ती मूल प्रश्नहरूलाई सम्बोधन गरिएन भने असन्तोष फेरि उही रूपमा दोहोरिन सक्ने सम्भावना रहन्छ। अन्ततः निर्वाचनले एउटा चरण समाप्त गरेको छ, तर अर्को महत्वपूर्ण चरणको सुरूवात पनि यहींबाट भएको छ। राजनीतिक दल, नयाँ सरकार र संसद्ले अब सुशासन, पारदर्शिता र विकासका प्रतिवद्धताहरूलाई व्यवहारमा उतार्न सके मात्र आन्दोलनबाट उठेको जनआवाज र जनादेशको सम्मान हुने छ । नेपालको लोकतान्त्रिक यात्रामा यो चरणलाई संक्रमणबाट निकासतर्फको मोडका रूपमा लिन सकिन्छ। अबको जिम्मेवारी जननिर्वाचित प्रतिनिधिहरूको काँधमा छ– जनताले देखाएको विश्वासलाई परिणाममा रूपान्तरण गर्ने कि फेरि निराशाको चक्र दोहोऱ्याउने। समयले उनीहरूको निर्णय र कार्यशैलीलाई अवश्य मूल्याङ्कन गर्नेछ।

# सुशीला कार्कीको विजय

◆ बसन्त बस्नेत, कृष्ण ज्ञवाली

मतगणना सकिँदा कुनै पार्टीले विजय पाउला, कुनै पार्टी पछि पर्ला । तर जेनजी विद्रोहपछिको कठिन संक्रमणकाल व्यवस्थापन गर्न प्रधानमन्त्री सुशीला कार्की अब्बल ठहरिएकी छन् । हिजो बिहीबार देशभरि सफल भएको मतदानको पहिलो जस प्रथम नेपाली महिला प्रधानमन्त्री तथा प्रधान्यायाधीश सुशीला कार्कीलाई जान्छ। यो सफलताको कथा जति सजिलो गरी टुंगिन लागेको देखिन्छ, सुरूवात भने त्यति सजिलो थिएन । संसद्ले चुनेका प्रधानमन्त्री केपी ओलीलाई युवा आन्दोलनले विस्थापित गर्दै गर्दा नागरिक सरकार नै बन्ने हो कि होइन भन्ने आशंकासमेत थियो ।

यस्तैमा प्रधानमन्त्री प्रस्तावित कार्की के गरौं, कसो गरौंको द्विविधामा थिइन् । सकभर कार्यकारी बन्न नपरे हुन्थ्यो भन्नेमा देखिन्थिन् । डिस्कर्ड नामक मोबाइल एपमा युवाले गरेको सल्लाहले उनलाई यो ऐतिहासिक अवसर दियो, जसको उनले कुशलतापूर्वक कार्यसम्पादन गरिन्।

एकै छिन हामी जेनजी आन्दोलन लगत्तैको बेलातर्फ जाऔं । २७ भदौमा प्रधानमन्त्रीको शपथ लिएर सुशीला कार्की बालुवाटारस्थित सरकारी निवास पुगेकी मात्रै थिइन् । प्रधानमन्त्री निवासको मूल गेटमा डढेको टायर र धुवाँको कडा गन्ध थियो । राति करिब ९ बजेतिर सुदन गुरूङ लगायतको एउटा समूह मूल भवनमा छिऱ्यो । उनीहरूले हलमा करिब एक घण्टा डिस्कर्डमा छलफल चलाए र विजयी भावमा निस्किए।

त्यहाँबाट बाहिर निस्किएका सुदन गुरूङ करिब २० मिनेटमा फर्किए । प्रमुख स्वकीय सचिव बस्ने कोठामा ओमप्रकाश अर्यालय, डा. अभिषेक सिंहलगायत थिए । फर्किना साथ गुरूङले औंला ठड्याउँदै भने, 'म बाहिर निस्किँदा पनि तपाईंहरु यही गफ गरेर बसिरा थ्यो । म कति घाइतेहरूको ब्लड मिलाएर फर्किंदा पनि गफ चुटेर बसिरा देख्छु । काम नभएकाहरु निस्किहाल्नुस् ।'

अर्याल र सिंह बाहेक त्यहाँ भएका सबै जना निस्किए । 'भय र त्रासको यस्तो अवस्थामा कसरी पो चुनाव होला खै ?' भन्दै अर्याल लामो सुस्केरा हालिरहेका थिए । तिनै अर्याल गृहमन्त्री बने, जसका सामु चुनावकै सुरक्षाको बागडोर मिल्न गयो। अन्ततः ६ महिनाको अवधिमा मुलुकमा प्रतिनिधिसभा निर्वाचन भयो। अब प्रधानमन्त्री सुशीला कार्कीसहित उनको टिम जननिर्वाचित नयाँ सरकारलाई जिम्मेवारी हस्तान्तरण गरेर बिदा हुने दिन नजिकिँदैछ।

ooo

आजको दिनमा हेर्दा मुलुक ठिकठाकै जस्तो देखिए पनि जेनजी आन्दोलन लगत्तैको परिस्थिति नितान्त भिन्न थियो। भदौ २३ को घटना र भोलिपल्टको विध्वंशका कारण मुलुकको प्रमुख प्रशासनिक अड्डा सिंहदरबारमा एक सातासम्म धुवाँ पुत्याइरहेको थियो ।

'मुलुकमा उत्पन्न विषम एवं असाधारण परिस्थितिलाई सम्बोधन गर्दै युवा पुस्ताद्वारा प्रकट गरिएको इच्छा एवं आकांक्षाअनुसार राजनीतिक दल एवं सरोकारवालाहरूसँगको परामर्श समेतका आधारमा' २७ भदौमा जारी प्रधानमन्त्रीको नियुक्तिपत्रमा भनिएको छ, 'राष्ट्राध्यक्षको हैसियतले प्रधानमन्त्रीको सिफारिस र सम्मतिका आधारमा कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरिएको...।'

राष्ट्रपति रामचन्द्र पौडेलको आग्रह र चुनावी मार्गचित्रमा प्रधानमन्त्री बन्दै गरेकी सुशीला कार्की अन्योलपूर्ण अवस्थामा थिइन् । उनमा व्यवस्थापकीय चेतभन्दा पनि विद्रोही स्वभाव बारम्बार प्रकट हुन्थ्यो। नियुक्तिपत्रमा लेखिएको थियो, 'राजनीतिक दल एवं सरोकारवालाहरूसँगको परामर्श' मा । उनै प्रधानमन्त्री कार्की स्थापित राजनीतिक दलका नेताहरूको नाम उच्चारण गर्न मात्रै होइन, अनुहारसमेत सम्झन चाहन्नथिन् ।

प्रधानमन्त्री बनेलगत्तै जेनजी घाइतेलाई अस्पतालमा भेट्दा 'यस्तो ज्यान रहेछ, त्यसै हान्न आउनेलाई दुई/चार मुक्का दिएको भए हुँदैनथ्यो ?' भन्ने अभिव्यक्तिसम्म दिन्थिन् । दलका नेताहरु उनको प्रस्तुतिका कारण पनि सशंकित भइरहन्थे । परिपक्व सचिवालय, अनुभवी टिमको अभावमा उनले चुनाव गराउन सक्दिनन् र बीचैमा अर्को सरकार बन्छ भन्ने आशंका व्याप्त थियो।

आन्दोलनपछि नेताहरु केही साता सैनिक सुरक्षामा ब्यारेक भित्र रहेपछि विस्तारै बाहिर निस्कन थाले । निवर्तमान प्रधानमन्त्री केपी ओलीले 'हाहुमा बनेको सरकार' भनेर अभिव्यक्ति दिए । विस्तारै सरकार र प्रधानमन्त्रीमाथि प्रश्नहरु उठ्ने क्रम बढ्न थालेको थियो ।

सुरूदेखि नै जेनजी आन्दोलनकारीहरूले तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री रमेश लेखक लगायतलाई पक्राउ गर्न सरकारलाई दबाब दिएका थिए । नेताहरु पक्राउ पर्ने र त्यसपछि बिथोलिने परिस्थितिले निर्वाचन नै हुँदैन भन्ने आशंका व्याप्त थियो । र, ब्यारेकबाट बाहिर निस्किएका केपी ओली गुण्डुमा बसाइँ सरे । त्यस लगत्तै उनी र बसोबासको प्रबन्ध मिलाउने महेश बस्नेतका चर्का अभिव्यक्तिले कुनै पनि बेला सडकमा तनाव हुनसक्ने आशंका व्याप्त थियो ।

जाँचबुझ आयोगको सिफारिसमा ओली, लेखक लगायतलाई काठमाडौं उपत्यका बाहिर जान नपाउने स्थान हद तोकिएको थियो । बौद्धिक तहबाट नै नेताहरूलाई नजरबन्दमा राखेर निर्वाचन हुनसक्छ र भन्ने प्रश्न उठ्ने गरेका थिए । उपचारका




'त्यतिबेला देश नेतृत्वविहीन मात्रै थिएन, राज्यविहीन परिस्थिति थियो । समाज विभाजित बनेको अवस्थामा कतिपयले नैतिकताको प्रश्न उठाइरहेका थिए,' त्यतिबेलाको परिस्थिति सम्झँदै प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावल भन्छन्, 'व्यक्तित्व र छविका कारण उहाँको स्वीकार्यता देखिएको थियो । पछि आ  नो लगाव र अठोटले सबैलाई एकै ठाउँमा ल्याउनुभयो र निर्वाचन सम्भव बन्यो ।'

त्यतिबेला नेपाली सेनाकै भूमिकामाथि पनि कयौंले प्रश्न उठाएका थिए । जेनजी आन्दोलनमै संलग्नमध्ये कतिपयको झुकाव पूर्वराजा ज्ञानेन्द्र शाह बस्ने निर्मलनिवासतिर हो कि भन्ने आशंका व्याप्त थियो ।

'भदौ २४ गते राति निर्मल निवास अगाडि सेनाको ट्याङ्क तैनाथ भएको र बसन्तपुर डबली दमकलले पखालिएको थियो रे' भन्ने हल्ला पछिसम्म चलिरहेको थियो । सुशीला कार्कीको सरकार लामो समय टिक्दैन र अर्को सरकारले २०८३ सालको मंसिरसम्ममा चुनाव गराउला भन्ने हल्ला पछिसम्म चल्यो । एक दशकअघि जारी भएको संविधान र मुलुकको लोकतन्त्र लामो समय टिक्दैन कि भन्ने त्रास व्याप्त थियो ।

लागि शेरबहादुर दम्पतीको पासपोर्ट फुकुवा गर्दा सरकारले जेनजी आन्दोलनकारीबाट कम्ती दबाब खेप्नुपरेको थिएन ।

र, कार्की आयोगले ओलीसँग बयान लिने दिनसम्म स्थिति भाँडिने र निर्वाचन सर्ने आशंकाहरु थिए । प्रधानमन्त्री र प्रमुख दलका शीर्ष नेताहरूबीच संवाद हुने स्थिति थिएन । निर्वाचन आयोगले सहजीकरण गर्न बोलाएको बैठकमा शीर्ष नेताहरु पुगेनन् ।

प्रधानमन्त्री कार्कीले दलका शीर्ष नेताहरूलाई सोझै बोलाउन नसकेर राष्ट्रपति रामचन्द्र पौडेलले सहजीकरण गरिदिनु परेको थियो । त्यसपछि बल्ल प्रधानमन्त्री कार्कीले नेताहरूलाई सोझै बोलाउने बाटो खुलेको हो, जसलाई त्यतिबेला सरकारको ठूलै उपलब्धि मान्नुपरेको थियो ।

त्यहीबीचमा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठको सक्रियता नबढेको होइन । सञ्चारमाध्यमहरूमा 'मलाई शासन व्यवस्था र सत्तामा कुनै रूचि छैन' भनेर अभिव्यक्ति दिने उनी हिजो सत्तामा रहेका दलका नेता र जेनजी आन्दोलनकारीहरूलाई घरमै भेटिइरहन्थे ।

त्यतिबेला प्रतिनिधिसभा पुनर्बहाली गर्ने,

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| मनमा उत्साह जाग्नेछ। नयाँ योजना बनाउने अवसर मिल्नेछ। प्रेम सम्बन्धमा सुधार आउनेछ। | साझेदारीको काममा लाभ मिल्नेछ। साथीभाइसँग मेलमिलाप हुनेछ। मनग्य आम्दानी हुने सम्भावना छ। | घरायसी समस्याको समाधान निकालिनेछ। यात्रा रमाइलो र फलदायी हुनेछ। परिवारमा खुशीयाली हुनेछ । | पठनपाठनमा सफलता मिल्नेछ। पारिवारिक सहयोग पाइनेछ। प्रेमप्रसङ्गमा प्रगति हुनेछ। | सावधानीपूर्वक निर्णय लिनुपर्ने दिन हो। सम्पत्ति वा धनसम्बन्धी विवाद उठ्न सक्छ। आत्मबल बढ्नेछ। | दाम्पत्य जीवनमा मधुरता आउनेछ। व्यापारिक लाभ मिल्ने संकेत छ। नयाँ योजना बनाउन सकिनेछ। |
| **तुला** | **वृश्चिक** | | **मकर** | **कुम्भ** | **मीन** |
| शारीरिक स्वास्थ्यमा समस्या देखिन सक्छ। अनावश्यक विवादबाट टाढा रहनु उपयुक्त हुनेछ। | प्रेम र दाम्पत्य सम्बन्धमा प्रगाढता आउनेछ। सन्देश वा खबरले खुसी दिनेछ। नयाँ अवसर प्राप्त हुनेछ। | घरपरिवारमा खुसीको माहोल बन्नेछ। रोकिएको कार्य अघि बढ्नेछ। यात्राबाट लाभ मिल्ने संकेत। | व्यवसायमा लाभ होला। पुराना काममा सुधार देखिनेछ। विद्या र सीपमा अभिवृद्धि हुनेछ। | दैनिक जीवनमा उतारचढाव देखिन सक्छ। अनावश्यक चिन्ताले मन खिन्न बनाउनेछ। | आत्मविश्वासले नयाँ दिशा दिनेछ। सम्बन्धहरु बलियो हुनेछन्। कार्यक्षेत्रमा सफलताको संकेत छ। |

# सुशीला कार्कीको .........

कार्की सरकारलाई बिदाबारी गर्ने अनि संविधान संशोधन गरेर श्रेष्ठको नेतृत्वमा अर्को सरकार बनाउने, त्यसमा राजनीतिक दलले सिफारिस गरेका व्यक्तिहरु सहभागी सरकारले चुनाव गराउने खाका नबनेको होइन । तर प्रयास अघि बढ्न सकेन ।

यसबीचमा राजनीतिक दलहरुमा केही हलचल पनि देखियो । एमालेले आफ्नो महाधिवेशन निर्धारित समयभन्दा पहिले नै गरेर उही नेतृत्वलाई मूलतः दोहोऱ्यायो। कांग्रेसको विशेष महाधिवेशनबाट नयाँ नेतृत्व चयन भयो । माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत वाम घटकहरु मिलेर नेकपा बन्यो।

रास्वपा सभापति रवि लामिछाने थुनामुक्त भए। अनि कुलमान घिसिङ, हर्क साम्पाङ पनि दल गठन गरेर मैदानमा आए । सरकारको प्रत्यक्ष भूमिका विनाका यी गतिविधिले निर्वाचनको वातावरण बन्न भने निकै सहज भयो। ६ महिनाको अवधिमा भएका घटनाक्रम एक-एक नियाल्ने हो भने २१ फागुनको निर्वाचन सरिहाल्छ कि भन्ने अनेक आशंका नआएका होइनन्। प्रतिनिधि पुनर्स्थापनाका लागि औपचारिक रुपमा सर्वोच्च अदालतमा रिट निवेदनहरु त पेस भएका थिए नै अनौपचारिक रुपमा नेताहरुले वरिष्ठता क्रममा रहेका न्यायाधीशहरुसँग सम्पर्क गरिरहन्थे।

'घोषित मितिमा निर्वाचन नभएर मुलुक राजनीतिक रिक्ततामा गएको अवस्थामा बाहेक अदालतले त्यो मुद्दामा हात हाल्ने हतारो गर्दैन' भन्ने स्पष्ट सन्देश पाएपछि मात्रै नेताहरु निर्वाचनको बाटोमा सक्रिय भएका हुन् । उम्मेदवार मनोनयनपछि समेत कतिपयले 'अदालतले महत्वपूर्ण मुद्दामा ढिलाइ गर्नु हुँदैन' भनी अभिव्यक्ति दिइरहेका थिए ।

नियुक्तिको केही महिनामै प्रधानमन्त्री कार्कीले आफ्नो टिमसँग 'बेकारको झमेलामा फसिएछ' भनेर दिग्दारी नपोखेकी होइनन् । तर उनीसँग विकल्प थिएन । निर्वाचन सम्पन्न गराउन साथ दिने बाचा गरेर मन्त्रिपरिषद्मा छिरेका कुलमान घिसिङ, जगदीश खरेल, महावीर पुन र बब्लु गुप्ताले सरकार छाडेर केही असजिलो बनाइदिए। बाँकी मन्त्रीलाई साथमा लिएर चुनाव गर्नुपर्ने दायित्व बाँकी नै थियो कार्कीसँग । बेलाबेलामा खरो र रुखो अभिव्यक्ति दिने प्रधानमन्त्री कार्कीले निर्वाचनको वातावरण तयार पार्ने मामिलामा भने अनेक लचकता देखाइन्। केपी ओलीसँग पटकपटक एक्लै वार्ता गरेर जाँचबुझ आयोगमा 'स्टेटमेन्ट' दिन तयार बनाइन् ।

ओलीले लिखित जवाफ दिएको हुँ मात्रै भनेपछि आयोगको टिमले उनीसँग बयान रेकर्ड गरेको थियो। त्यो सहजीकरणले ओली आयोगमा बयान दिन नआउने र सरकारले पक्राउ गर्नुपर्ने आम आशंका टरेको थियो । र, निर्वाचनको वातावरण तलमाथि हुनसक्ने आशंकामा पटकपटक जाँचबुझ आयोगको म्याद थपेर स्थिति साम्य पार्न खोजिन् ।

कतिपयले हिमाली भेगमा चिसोका कारण मतदान गर्न कठिनाइ हुनेछ भन्ने प्रश्न उठाएपछि मौसम विज्ञान विभागका अधिकारीहरु र आफ्नो टिमको ब्रिफिङमा पनि विश्वस्त नभएर कार्की आफै हिमाली जिल्लाहरुमा पुगेकी थिइन् । सुरक्षा व्यवस्था बुझ्न गृहमन्त्री अर्यालले देशभर खटाइन् । दुर्गा प्रसाईंसँग पटकपटकको संवाद र सहमतिपत्रमा हस्ताक्षर हुनु निर्वाचनकै वातावरणका लागि हो भन्ने सहजै अनुमान गर्न सकिन्छ । नभए व्यक्तित्व र स्वभावले पनि प्रसाई र कार्की पटकपटक छलफल र संवाद गर्नसक्ने खालका होइनन् ।

नागरिक अगुवा केदारभक्त माथेमा कार्कीको संवाद गर्नसक्ने क्षमता बढ्दै गएका कारण नै आजको सफलता प्राप्त भएको बताउँछन् । 'न्यायालयको मान्छेलाई राजनीतिक आचरण देखाउनुपर्ने चुनौती थियो, एकातिर जेनजी, अर्कातिर दलहरु, अर्कातिर राजावादी पनि लफडा गर्दै थिए। सबैको सुन्दै, लड्दैपड्दै यहाँसम्म ल्याएकोमा सुशीलाजीको प्रशंसा गर्नैपर्छ,' माथेमा भन्छन्, 'आफ्नै स्वभावभन्दा बढ्ता लचकता देखाएर उहाँले दलका शीर्षस्थ नेतादेखि युवा, नागरिक समाजसँग संवाद गर्नुभयो । आजको चुनावी सफलतामा ती सबै कुरा एकै ठाउँ जोडिन्छन् ।'

प्रेस सल्लाहकार रामबहादुर रावल प्रधानमन्त्री कार्कीले आ ँनो जिम्मेवारीलाई शान्ति प्रक्रियाकै रुपमा हेरेको बताउँछन् । रावलका अनुसार, प्रधानमन्त्री कार्कीले दलहरुको विश्वास जित्ने र उनीहरुलाई समझदारीमा ल्याउने काम मात्रै गरिनन्, हिंसात्मक अभिव्यक्ति दिनेहरुलाई पनि बारम्बार छलफल र संवादमा डाकिन् ।

रावल भन्छन्, 'उहाँले कैयौंको अनसन तोडाउनुभयो, ७ वटा समूहसँग सम्झौता नै गर्नुपऱ्यो । मुलुक लोकतान्त्रिक र संवैधानिक ट्र्याकमा आओस् भन्नेमा निकै सजग हुनुहुन्थ्यो ।' रावलका अनुसार, प्रधानमन्त्री कार्कीले संविधानप्रति निष्ठा देखाउँदै कम क्षतिमा नै मुलुकलाई निकास दिनुपर्छ भन्नेमा दृढ थिइन्। त्यसैले होला, आफ्नो र मन्त्री अनिलकुमार सिन्हाको नियुक्ति बाहेक संवैधानिक प्रश्न उठ्ने अरु काम गरिनन् । त्यसैले होला, निर्वाचन आयोग लगायत अरु संवैधानिक निकायहरु रिक्त हुँदा पनि नियुक्ति प्रक्रिया अघि बढेन। पेस भएको अध्यादेश जारी गर्न पनि राष्ट्रपति पौडेलसँग जोडबल गरिनन् ।

कतिपय अवस्थामा त राति १२/१ बजेसम्म असन्तुष्टहरुका गुनासा र आक्रोश सुनेर बसिरहिन्। अधैर्य स्वभावकी उनमा निरन्तर अरुका गनगन र गुनासो सुन्ने क्षमता विकास हुनु चानचुने कुरा थिएन । प्रत्यक्षतर्फको मनोनयनपछि भने दल र कतिपय मानिस निर्वाचन क्षेत्रतिर गए । त्यसपछि मात्रै प्रधानमन्त्री कार्कीले हलुका महसुस गरेकी थिइन् । निवर्तमान सांसद सुमना श्रेष्ठ अन्योलबीच निर्वाचन गराउने प्रधानमन्त्री कार्कीको अठोटको तारिफ गर्छिन् । त्यसका साथै नागरिक सरकारले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गरिदिए हुन्थ्यो भन्ने उनको माग छ ।

'चुनाव भइहाल्यो, म त कामचलाउ सरकारको प्रधानमन्त्री भएँ भन्ने नसोच्नु होला भन्ने मेरो सुझाव छ,' प्रधानमन्त्री कार्कीलाई सुमना सल्लाह दिन्छिन्, 'नयाँ सरकार बन्न समय लाग्छ । त्यतिञ्जेल खाडी मुलुकहरुमा रहेका र सुरक्षा जोखिममा परेका नेपालीका बारेमा उचित निर्णय लिन ढिलाइ गर्नु हुँदैन।' विगत कोट्याउने हो भने निर्वाचन गराउने प्रयोजनका लागि गठन भएका अन्तरिम प्रकृतिका सरकारहरु असफल भएको इतिहास थिएन । सबैले आ-आफ्नो जिम्मेवारी पूरा गरेर जननिर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गरेका थिए । र, अरुको तुलनामा विषम परिस्थितिमा प्रधानमन्त्री बनेकी कार्कीले पनि त्यो जिम्मेवारी पूरा गरिन् ।

सचिवालयमा रहेका एक कर्मचारीका अनुसार, निर्वाचन हुने निश्चित जस्तै भएपछि प्रधानमन्त्री कार्की थकानमुक्त देखिएकी थिइन्। पछिल्ला दिनहरुमा सिंहदरबारमा भन्दा बालुवाटारमा ज्यादा समय बिताउन थालेकी थिइन् । र, निर्वाचनसँग सम्बन्धित बाहेक अरु सरकारी काम र क्रियाकलाप पनि पातलिँदै गएका थिए । एक संवैधानिक पदाधिकारीले 'हिजोको तुलनामा तपाईं यहाँ हुँदा काम गर्न निकै सहज भएको र हस्तक्षेप नभएको' भनी प्रधानमन्त्रीसँग कुराकानी गरेका थिए । कार्कीले 'यस्तो चरित्रको सरकार धेरै टिक्ने खालको होइन, धेरै टिकोस् भन्नु पनि हुँदैन' भनेर जवाफ दिएकी थिइन् । उनले केही साताअघिको एक सार्वजनिक कार्यक्रममा पनि त्यही भनाइ दोहोऱ्याएकी थिइन् ।

रक्षा बम जेनजी आन्दोलनकी अगुवामध्ये एक हुन् । २७ भदौमा राष्ट्रपति रामचन्द्र पौडेलले शपथ गराए लगत्तै प्रधानमन्त्री कार्कीलाई, 'ल, अब देशको भार तपाईंको काँधमा छ । तोकिएको समयमै चुनाव गराउनु होला, शुभकामना' भनेको उनले सम्झेकी रहिछन् । 'राष्ट्रपतिज्यू, धन्यवाद । संकटका घडीमा संवैधानिक मर्यादा र दृढता कस्तो हुनुपर्छ भन्ने तपाईंले उदाहरण दिनुभयो,' उनले मतदानको अघिल्लो दिन सामाजिक सञ्जालमा लेखेकी छन्, 'प्रधानमन्त्रीज्यू, धन्यवाद। देश जोगाउनु भएकोमा, जिम्मेवारी स्वीकारेर कठिन समयमा अगाडि बढ्नु भएकोमा ।'

नागरिक अगुवा माथेमा थप्छन्, 'चुनाव पर्यवेक्षणका क्रममा कतिपय ठाउँमा युवा मतदाता नै विदेशमा रहेकाले मतदान केन्द्रमा कम उपस्थिति जस्तो त देखिएकै हो। तर साना-तिना केही कुरा बाहेक ठूलो गोलमाल भएन, सभ्य र विकसित मुलुकहरुमा हुने चुनाव जस्तो देखियो । यो सरकारको सफलता हो ।' अनलाइनखबरबाट


विवाह वारी २० वर्ष पारी
सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ



बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो

हामी सबै मिली बालविवाह अन्त्य गरौं, सभ्य समाजको निर्माण गरौं ।

शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ । गण्डकी प्रदेश



स्वस्थ जीवनका लागि असल खानपानका उपायहरू :

- विभिन्न थरीका खाने कुराहरू हरेक दिन उपभोग गर्ने ।
- फलफुल र हरिया सागसब्जि हरेक दिन पर्याप्त मात्रामा उपभोग गर्ने।
- दाल र गेडा गुडी हरेक दिन उपभोग गर्ने ।
- माछा, मासु वा अण्डा नियमित रूपमा उपभोग गर्ने ।
- खाना पकाउँदा तेल वा घ्यू थोरै मात्रामा प्रयोग गर्ने ।
- खानपान सम्बन्धी अन्धविस्वास बाट सावधान रहने ।
- खानामा आयोडिनयुक्त नुन मात्र प्रयोग गर्ने, नुन कम मात्रामा उपभोग गर्ने
- गुलिया र चिल्ला खानेकुरा कम मात्रामा उपभोग गर्ने ।
- सँधै ताजा र सफा खाद्य वस्तु उपभोग गर्ने ।
- पर्याप्त मात्रामा शुद्ध पानी पिउने ।
- परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टिक खाद्य वस्तु उपभोग गर्ने
- मदिराजन्य पेय पदार्थ सेवन नगर्ने ।
- शिशुलाई ६ महिनासम्म पूर्ण स्तनपान (आमाको दुध मात्र खुवाउने) गराउने
- शिशु ६ महिना पुरा भएपछि स्तनपानको साथसाथै थप तथा परक खाना खुवाउने
- गर्भवती र स्तनपान गराउने आमाले थप पोषिलो खाना खाने ।
- किशोर किशोरीहरूले खानपान सम्बन्धी स्वस्थ बानी बसाल्ने ।
- ज्येष्ठ नागरिकको खानपानमा विषेश ध्यान दिने ।
- अति प्रशोधित खाना (Junk Food)जस्तैः चाउचाउ, विस्कुट, कुरकुरे आदि उपभोग नगर्ने र बच्चाहरूलाई पनि नखुवाउने ।

यी उपायहरू नियमित रूपमा आफ्नो जीवनमा लागु गर्न सकेमा धेरै किसिमका रोग तथा संक्रमणहरूबाट जोगिन सकिन्छ । स्वस्थ रहन सकेमा आफुले गर्ने हरेक कार्य र योजना सफल पार्न सकिन्छ ।
त्यसैले सबैले यी उपायहरू आफ्ना दैनिक जीवनमा लागु गर्न उपयुक्त हुन्छ ।

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ । गण्डकी प्रदेश



स्तनपान सम्बन्धी महत्त्वपूर्ण जानकारी



स्तनपान भन्नाले शिशुलाई जन्म दिएपछि आमाले आफ्नो स्तनबाट निस्किने प्राकृतिक दूध खुवाउनु हो। शिशु जन्मेको जतिसक्दो चाँडो १ घण्टा भित्र आमाको दूध खुवाउन सुरु गर्नुपर्छ। शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमा पाइने हुनाले शिशु जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दूध मात्र खुवाउनु पर्छ, पानी पनि खुवाउनु हुँदैन जसलाई पूर्ण स्तनपान भनिन्छ। शिशुलाई कम्तीमा २ वर्षसम्म निरन्तर स्तनपान गराउनुपर्छ।

आमाको दूध खुवाउँदा हुने फाइदाहरू

- आमाको दूध बालबालिकाको लागि अमृत समान हो। यसले बालबालिकाको जीवन रक्षा गर्छ।
- पहिलो पहेँलो बिगौती दूधले खोप सरह काम गर्छ र निमोनिया, झाडापखाला, कान, छाला, पेट तथा श्वासप्रश्वासका संक्रमणसँग लड्न सक्ने क्षमता बढाउँछ।
- यसमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज तत्वहरू हुन्छ।
- शिशु जन्मने बितिकै आमाको दूध चुसायो भने सालनाल छिटै बाहिर निस्किन्छ किनभने शिशुले दूध चुस्दा पाठेघर खुम्चिन्छ जसले गर्दा बच्चा जन्माएपछि बढी रगत बग्ने खतरालाई घटाउँदछ।
- महिलालाई हुने स्तन र पाठेघर सम्बन्धी क्यान्सरको खतरालाई घटाउँदछ।
- आमाको कामको भारलाई घटाउँदछ। पानी उमाल्न इन्धन जुटाउने, दूध बनाउने आदि काम गर्नु पर्दैन। आमाको दूध जुनसुकै बेला र जहाँपनि खुवाउन सकिन्छ।
- यो सधैं सफा, पोसिलो र ठिक तापक्रमको हुन्छ। यो कम खर्चिलो छ।
- आमासँगको आत्मीयता बढाई शिशुको मानसिक, बौद्धिक, शारीरिक तथा सामाजिक विकास गर्छ।

स्तनपान सम्बन्धी सिफारिस गरिएका व्यवहारहरु

- शिशु जन्मने बितिकै आमाको छातीमा टाँसिएर रहन दिने।
- बालबालिका जन्मेको १ घण्टाभित्रै आमाको स्तनमा राख्ने र दूध खुवाउने।
- बालबालिकालाई बिगौती दूध खुवाउने।
- बालबालिकालाई ६ महिनासम्म पूर्ण स्तनपान गराउने।
- एकातिरको दूध निखिए पछि मात्र अर्को स्तनको दूध खुवाउने।
- बालबालिकालाई दिनको १० देखि १२ पटक स्तनपान गराइराख्ने।
- बालबालिकाले जति पटक दूध खान खोज्छ त्यति नै पटक स्तनपान गराउने।
- बालबालिकालाई सही आसन र सम्पर्कमा राखेर स्तनपान गराउने।
- आमा वा बालबालिका, जो बिरामी भए पनि निरन्तर स्तनपान गराइरहने।
- बालबालिका २ वर्ष वा सो भन्दा पछिसम्म पनि निरन्तर रूपमा स्तनपान गराइरहने।
- स्तनपान गराइरहेकी आमाले दैनिक खाने गरेको खाना भन्दा २ पटक थप खाना खाने। बोतलबाट दूध नखुवाउने।
- स्तनपान सम्बन्धी सिफारिस गरिएका व्यवहारहरु हरेक शिशुहरुमा हरेक अवस्थामा लागु हुन्छ।
- यी व्यवहारहरु अपनाउँदा आमाहरुले लगातार रूपमा दूध उत्पादन गरिरहन सक्छन्।

शिशुलाई आमाको दूध पुगे नपुगेको कसरी थाहा पाउने?

- दूध प्रशस्त खान पुगेको शिशुले एक दिनमा (२४ घण्टामा) कम्तीमा ६ देखि ८ पटकसम्म पिसाब फेर्छ र पिसाबको रङ्ग सफा हुन्छ।
- यदि शिशुलाई दूध प्रशस्त खान पुगेको छैन भने २४ घण्टामा ६ पटक भन्दा कम पिसाब फेर्छ र पिसाबको रङ्ग गाढा पहेँलो, बाक्लो, एकदम गन्हाउने हुन्छ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com



मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८

सम्बन्धित विरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस

फागुन २३ गते शनिबार



प्रोफेसर डा. जय बहादुर खत्री
वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ
(Manipal Teaching Hospital, Pokhara)

स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरुः

१. मानसिक स्वास्थ्य सम्बन्धी समस्याः
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

२. स्नायु (Neurology) सम्बन्धी समस्याः
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने
- मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्याः
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुनःस्थापना र मनो-सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**१०७ वर्षीय ज्येष्ठ नागरिकद्वारा मतदान** : तनहुँको शुक्लागण्डकी नगरपालिका-३ बन्केवा निवासी १०७ वर्षीय गणेशबहादुर रावतले विहीबार प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मतदान गर्न जाँदै । तनहुँ क्षेत्र नम्बर २ अन्तर्गत निर्मल आधारभूत प्राथमिक विद्यालय, बन्केवा मतदान केन्द्रबाट रावतले मतदान गरेका छन् । *तस्विर : भञ्ज्याङ*

# लोकतन्त्र र लोकतान्त्रिक निष्ठाले जितेको दिन

धर्मेन्द्र झा/काठमाडौं

नेपालको राजनीति जब अनिश्चयको भुमरीमा फस्न खोज्छ र सडकमा आक्रोशको लहर चल्छ, तब धेरैलाई लाग्छ– अब प्रणाली नै पो ढल्ने हो कि ! मुलुकमा यस्तो क्षण पटक–पटक आएको छ । निकट विगत अर्थात् भदौ २३ र २४ गतेको त्यो 'जेनजी विद्रोह' पछिको स्मरण गरौँ त ! जनमानसको मन मनमा जुन सन्नाटा र संशय छाएको थियो । त्यसले नेपालको लोकतान्त्रिक भविष्यमाथि ठूलो प्रश्नचिह्न खडा गरिदिएको थियो । तर, आज सम्पन्न निर्वाचनले ती तमाम संशयलाई चिर्दै एउटा बलियो सन्देश दिएको छ कि नेपाली लोकतन्त्र संकटमा झन् सम्हालिन्छ र यसले निकास खोज्न जान्दछ।

गत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन हुँदा धेरैलाई यो केवल 'आवश्यकताको सिद्धान्त'को एउटा कमजोर 'त्यान्द्रो' मात्र लागेको थियो। विद्रोहको राप, भौतिक संरचनाको क्षति र कानुनी राज्यविहीनताको त्यो तरल अवस्थामा छ महिनाभित्र निर्वाचन हुन्छ भन्नु केवल स्वेत कल्पनाजस्तो थियो । चरम अविश्वास थियो । घोर निराशा थियो । देशैभरि सन्नाटा छाएको थियो, मानौँ ठूलै आँधीबेहरीपछिको सन्नाटा। त्यसभित्र शुन्यता थियो। हुन पनि मुलुकमा जेनजी पुस्ताको यस्तो अकल्पनीय विद्रोह भयो कि त्यो कुनै नियमित आकस्मिकता थिएन। सिंहदरबारदेखि मुलुकका महत्वपूर्ण भौतिक संरचनामा क्षति पुग्यो । दुई दिनको आन्दोलनबाट मानिसहरूका आशा र आस्थाका धरहरा एकाएक ढल्न थाले । अनुशासन भड्कियो । कानुनी राज्यविहीनताको अवस्था सृजना भयो ।

भदौ अन्तिम साताको मुलुकको परिस्थिति सम्झिनुस् त ! अवस्था यति तरल बन्न पुग्यो कि भोलि के हुन्छ भन्ने कुराको कुनै अनुमान गर्न सक्ने अवस्था थिएन । थरिथरीका अनुमानले नेपाली लोकतन्त्रको भविष्य अँध्यारो सुरूङभित्र छिर्दै गरेको भनेर टिप्पणी हुन्थे । यसले चुनाव सम्भव हुन्छ भन्ने कल्पनाको क्षितिज निकै दूर थियो ।

सुरूका दिनमा न राजनीतिक दल न त आमजनताले आजको दिन देख्न पाइएला भन्ने विश्वास गरेका थिए । यतिसम्म कि देश सम्पूर्ण रूपमा चुनावमा होमिसकेको अवस्थामा पनि केही दिनअघिसम्म अनेकन शंका उपशंका व्यक्त भइरहेका थिए । भनिन्छ नी, आकाश ढाकेको कालो बादलभित्र पनि चाँदीको घेरा हुन्छ । हो, त्यही चाँदीको घेराभित्र भविष्य देख्यो, सम्माननीय सुशीला कार्की नेतृत्वको सरकारले । सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलको संवैधानिक जुक्ति भनेर कोरिदिएको निर्वाचन सम्पन्न गर्ने 'लक्ष्मण' रेखामा रहेर प्रधानमन्त्री कार्कीले निर्वाचनलाई आफ्नो अर्जुनदृष्टि बनायो । त्यसैले त आज असम्भवजस्तै लाग्ने निर्वाचन सम्भव भएको छ । जब राजनीतिक दलहरु नै निर्वाचनको निष्पक्षता र सुरक्षालाई लिएर द्विविधामा थिए, तब सरकारले निर्वाचनलाई लोकतन्त्र जोगाउने र संविधानलाई पुनः लिकमा ल्याउने एकमात्र संकल्प लियो ।

एकातिर सिंहदरबारमा आगो पुत्ताउँदै थियो, अर्कोतिर सरकारप्रति नै राजनीतिक दललगायत सरोकारवाला आश्वस्त भइसकेका थिएनन् । उनीहरू निर्वाचनको निष्पक्षता र सुरक्षामाथि प्रश्न उठाएर अनेक अड्कल गरिरहेका थिए, तर सरकार आफ्नो लक्ष्यबाट विचलित भएन ।

विस्तारै अविश्वासलाई विश्वासमा परिणत गर्न प्रयत्न गरिरह्यो । कार्की नेतृत्वको सरकारले कमजोर मनोबलमा रहेको भनिएको सुरक्षा निकाय, निर्वाचन आयोग र सरोकार भएकाहरूलाई विश्वासमा लिँदै अघि बढ्यो । लिकबाट झण्डै बाहिरिन खोजेको संविधानलाई पुनःबहाली गर्न, कानुनी राज्यलाई निरन्तरता दिन र विद्रोहमार्फत जेनजी पुस्ताले खोजेको सुशासन स्थापना गर्न निर्वाचन बाहेकको अर्को विकल्प थिएन ।

प्रतिनिधिसभा विघटन भएको वा कार्यकाल सकिएको छ महिनाभित्र निर्वाचन गरिसक्नुपर्ने संवैधानिक व्यवस्था थियो । यो मर्म बुझेको व्यक्ति भएकाले पनि होला पूर्वप्रधानन्यायाधीश कार्की नेतृत्वको सरकारले त्यो दायित्वबाट विचलित नभई युगीन जिम्मेवारी पूरा गरेको छ । यसका लागि सरकार नेपाली जनताका लागि धन्यवादको पात्र छ । प्रधानमन्त्री कार्कीको अविचलित निष्ठा र साहसमा उहाँका सारथी गृहमन्त्री ओमप्रकाश अर्यालको सालिनता र धैर्यताले पनि आज यो रूप र स्वरूपमा शान्तिपूर्ण निर्वाचन सम्पन्न भएको हो भन्दा फरक नपर्ला ।

फेरि दोहोर्‍याउँछु, मतगणना सुरू हुँदै गर्दा बाकसभित्र कसको भाग्य कस्तो छ, भन्ने चासो स्वाभाविक हो, तर यो क्षणमा कुनै व्यक्ति वा दलको जीतभन्दा पनि पद्धतिको जीत ठूलो कुरा हो । यो जीत प्रधानमन्त्री सुशीला कार्की र हामी नेपाली जनताको हो । प्रधानमन्त्री कार्की, जसको अदम्य साहसको जित हो ।

उहाँले जेनजी समूहको धम्की र दबाबका बीच पनि आफ्नो न्यायिक निष्ठा र कार्यकारी दृढता डगमगाउन दिनुभएन । यसमा गृहमन्त्री अर्यालको सालिनता र निर्वाचन आयोगको अहोरात्र खटाई उत्तिकै प्रशंसनीय छ । जेनजी विद्रोहले एउटा स्पष्ट संकेत दिएको थियो कि अबको पुस्ता पुरानो ढर्राको 'कन्जरभेटिभ' अभ्यासबाट सन्तुष्ट छैन । त्यसैले यो निर्वाचनले अब नेपाललाई 'लिबरल डेमोक्रेसी' र वास्तविक सुशासनतर्फ डोर्‍याउने नयाँ ढोका खोलेको छ।

भनिन्छ, बाटो चुके दिनको फेर हुन्छ तर मौका चुके युगको फेर । आज हामी गर्व र ढुक्कका साथ भन्न सक्छौं कि अब फेरि हामीले कठिन दिनको सामना गर्नुपर्ने छैन । किन भने हामीले संकटका बीच पनि मौका चुकाएनौं। अवसर पनि गुमाएका छैनौँ । अब हामीले न त सरकार गठन गर्न कुनै अवश्यकताको सिद्धान्तको साहारा लिनुपर्नेछ र न त लोकतन्त्रको सम्वर्धन र गणतन्त्रको संरक्षणका लागि कुनै बाधा अड्काउ नै फुकाउनुपर्ने बाध्यता छ ।


हामीले लोकतान्त्रिक शासन व्यवस्थाका लागि विश्वमा सर्वस्वीकृत विधि निर्वाचन बडो शान्तिपूर्ण र निष्पक्ष रूपमा सम्पन्न गरेका छौँ र यही विधिबाट अघि बढ्ने प्रण गरेका छौँ । त्यसैले आजको दिन लोकतन्त्रले जितेको दिन हो र हिजोको संकट एवं अप्ठेरो परिस्थितिबाट अब सहज र प्रजातान्त्रिक मार्ग पहिल्याउन प्रण गरेको दिने हो । अब बाकसमा बन्द भएका मतपत्रहरु केवल उम्मेदवारका भविष्य होइनन्, ती त नेपालको सुदृढ लोकतन्त्रका नयाँ आधारशिला हुन् । यो निर्वाचन सम्पन्न भएसँगै मुलुक राष्ट्रिय एकताको बाटोमा फर्किएको छ र लोकतान्त्रिक संस्कारको जीत भएको छ । प्रतिकूलताका बीच पनि मुलुकलाई यो बिन्दुसम्म ल्याउने वर्तमान सरकार र दृढ संकल्पित नेतृत्व, यसमा सहयोग गर्ने सबै राजनीतिक दल साँच्चै नै धन्यवादका पात्र छन् । रासस

## facebook twitter



**Surya Raj Acharya**
x.com/SuryaRAcharya

पुराना दलका केही वरिष्ठ नेताहरु सहजसककग भन्छन्, 'हाम्रो निर्वाचन प्रणालीमा एउटै दलको पूर्ण बहुमत आउन गाह्रो छ, त्यसैले चुनावले स्थिरता दिँदैन।' यो संविधान निर्माणमा यी नेताहरूको नै प्रमुख भूमिका थियो।
प्रश्नः यदि त्यस्तै हो भने, किन यस्तो अस्थिरतामुखी संविधान बनाइयो?



**Biddhut Lamichhane**
x.com/TheBiddhut

यो विषम परिस्थितिमा संविधान जोगाउँदै देशलाई निर्वाचनसम्म पुर्‍याउने वातावरण बनाउनेहरु धन्यवादका पात्र छन्।
विशेषतः राष्ट्रपति आदरणीय रामचन्द्र पौडेल र प्रधानमन्त्री आदरणीय सुशिला कार्की–जसले कठिन समयमा पनि संविधान जगेर्ना गर्दै राज्यको स्थिरता कायम राखेर देशलाई निर्वाचनको बाटोमा अघि बढाउनुभयो। साथै गृहमन्त्री आदरणीय ओम अर्याल, जसले गालीगलौज र राजीनामासम्मको माग खेपेर पनि जिम्मेवारीबाट पछि नहट्दै चुनावी वातावरण सुरक्षित बनाउन भूमिका खेल्नुभयो– आज ती सबै आलोचकहरु समेत यही लोकतान्त्रिक प्रक्रियामा प्रतिस्पर्धा गर्न पाएको देख्नु आफैंमा लोकतन्त्रको सफलताको संकेत हो। मन्त्रीको जिम्मेवारी कस्तो हुनुपर्छ भन्ने उदाहरण प्रस्तुत गर्नु भएका आदरणीय रामेश्वर खनाल पनि धन्यवादका पात्र हुनुहुन्छ।
अब आशा गरौँ–निर्वाचन शान्तिपूर्ण र लोकतान्त्रिक रुपमा सम्पन्न हुनेछ।

# तनहुँका युवामा ब्याडमिन्टन खेलको आकर्षण बढ्दो

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँका युवामा ब्याडमिन्टन खेलप्रति आकर्षण बढेको छ । तनहुँको सदरमुकाम दमौली, शुक्लागण्डकी नगरपालिकाको दुलेगौंडा, खैरेनीटार, गाछेपानी, भिमाद नगरपालिकाको भिमाद बजार, म्याग्दे गाउँपालिकाको थर्पु, धयरेमा ब्याडमिन्टन खेलका लागि जिल्लाका स्थानीय तहहरूले लगानी गरेर कभर्डहल निर्माण गरेपछि भित्र खेल्ने खेल भएकाले हावापानी, घाम तथा अन्य समयमा पनि खेल्न सहज भएको खेलाडी एवं व्यास नगरपालिकाका योजना शाखा प्रमुख भेषराज तिवारीले बताए । व्यास नगरपालिका–१ निवासी प्रदीप न्यौपानेले कार्यालय समयबाहेकको समयमा फुर्सद




कभर्डहल बनेपछि युवाहरु यसतर्फ आकर्षित भएका हुन् ।

नियमित रुपमा बिहानदेखि रातिसम्म फुर्सदको समयमा आफूलाई स्वस्थ र तन्दुरूस्त राख्नका लागि युवाहरु समूह मिलाएर ब्याडमिन्टन खेल्ने गर्दछन्। यस खेल युवाहरूको रूचिको पहिलो रोजाइ बनेको खेलाडीहरु बताउँछन्।

युवाहरु चार जनाको जोडी मिलाएर खेल्न सकिने र छोटो समयमा धेरै पसिना आउने भएकाले यस खेलमा युवाहरूको आकर्षण बढेको प्रशिक्षक तथा खेलाडी विपीन घलेले बताए । मिलाएर नियमित रुपमा ब्याडमिन्टन खेल्ने गरेको बताए ।

ब्याडमिन्टन प्रतियोगितामा युवाको आकर्षण बढेपछि यहाँ प्रतियोगितासमेत हुने गरेका छन्। ब्याडमिन्टन प्रतियोगितामा धेरै टिमको सहभागिताले यस खेलमा आकर्षण बढेको पुष्टि हुने खेलाडी रामकृष्ण क्षेत्रीले बताए ।

म्याग्दे गाउँपालिकाले थर्पुमा म्याटसहितको र धयरेमा कभर्डहल निर्माण गरी खेललाई निरन्तरता दिएको म्याग्दे गाउँपालिका–४ का वडाध्यक्ष दीपककुमार श्रेष्ठले बताए।

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
**फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।**
Email : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४